REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 31.05.2025

---

## VKSA PAKIM

विकसित कृषि संकल्प अभियान पाकिम जिल्लाको तेस्रो दिनको कार्यक्रम आ-आफ्ना ग्राम पंचायत एकांशहरूमा पाछेखानी- छलामथांङर अम्बा- मामरिङ गाउँहरूमा सफलतापूर्वक आयोजित गरियो ।

कार्यक्रममा किसानहरू, ग्राम पंचायत तथा क्षेत्र स्तरीय अधिकारीहरूको उत्साही सहभागिता गरेको थियो । जम्मा 205 किसानहरूले यसमा भाग लिए । पूर्वी सिक्किमका भारतीय कृषि अनुसन्धान परिषद- भारतीय कृषि विज्ञान केन्द्रका वरिष्ठ वैज्ञानिक- डां प्रकाश शर्माको अगुवाईमा कार्यक्रम आयोजित भएको थियो ।

केन्द्रिय कृषि तथा कृषक कल्याण मन्त्री शिवराज सिंह चौहान द्वारा घोषणा गरिएको 12 दिने राष्ट्रव्यापी अभियानको लक्ष्य, देशव्यापी खरीफ पूर्व अभियानको एक भाग स्वरूप दीगो कृषि प्रणालीहरूबारे देशका 700 भन्दा बढ़ि जिल्लाहरूका किसानहरू माझ जन जागरूकता सृजित गर्नु र हालका सरकारी योजनाहरू अनि आधुनिक तकनीकहरू बारे पनि उनीहरूलाई अवगत पार्नु हो ।

VKSA ले 2047 सम्म विकसित भारतको यात्रामा उत्पादकतामा वृद्धि गरि, नवोन्मेषकारी कृषि समाधानहरू अपनाएर अनि किसानहरूलाई यो यात्रामा सक्रिय सहभागिता गराएर भारतीय कृषिमा परिवर्तन गर्ने लक्ष्य राखेकोछ ।

पाछेखानी- छलामथांङ गाउँमा, पाकिम जिल्ला पंचायतकी उपाध्यक्ष प्रभा प्रधानले मुख्य अतिथिको तवरमा किसान तथा अभियान टोलीलाई संबोधित गर्नुभयो ।

---

## SIMFED

अन्तर्राष्ट्रिय सहकारी वर्ष अनि सिक्किम राज्यको पचासौं वर्ष गाँठको अवसरमा SIMFED ले प्रशोधन गरिएको तीन नयाँ जैविक उत्पादहरू बजारमा ल्याएको छ । हिजो लञ्च गरिएका यी तीन जैविक उत्पादनहरूमा इस्कुसको पाउडर फर्सीको पाउडर, र पारिएको डल्ले खुर्सानी रहेका छन् ।

---

## मांडविया- फिट इंडिया

FIT INDIA SUNDAY ON CIRCLE पहलको 25 औं संस्करणलाई भोलि संपूर्ण देशमा एक विशेष तिरंगा रैलीको रूपमा मनाइनेछ। केन्द्रिय युवा मामिला तथा खेल मन्त्री डां मनसुख मांडवियाले राष्ट्रीय राजधानीमा यस, विशेष संस्करणको नेतृत्व गर्नुहुनेछ।

ओलम्पिक पदक विजेता योगेश्वर दन्त, अन्तर्राष्ट्रीय पहलवान सरिता मोर, वलिवुड अभिनेत्री शखरी र पूर्व क्रिकेटर तथा जयनकर्ता सबा करीम लगायत खेल र मनोरंजन जगतका प्रमुख हस्तीहरू यस कार्यक्रममा सहभागी हुनेछन्।

युवा मामिला र खेल मन्त्रालयले एक बयानमा भनेकोछ, तीम जूनका दिन विश्व साईकिल दिवसका साथै, भोलि हुने कार्यक्रमले केवल फिटनेस मा साईकिलको ठूलो भूमिका भएको सन्देशलाई नै प्रष्ट पार्ने छैन बरू भारतका सशस्त्र बलहरूका लागि एक सामूहिक श्रद्धांजलीको तवरमा पनि काम गर्नेछ।

बयानमा भनिएकोछ, राष्ट्रीय राजधानीमा एक हजार दुई सय भन्दा बढ़ि साईकिल चालकहरूको आउने अपेक्षाछ र देशभरिमा 2 हजार भन्दा बढ़ि ठाउँहरूमा यो आईतबार कार्यक्रमहरूको आयोजना हुनेछ।

---

## No Tobacco Day

आज विश्व सुरतिजन्ध पदार्थ निषेद दिवस हो। यस अवसरमा, जिल्ला प्रशासन केन्द्रहरूमा, जिल्लापालहरूले एउटा शपथ ग्रहण गराउनुभयो। यस क्रममा गेजिङका जिल्लापाल- तेंजिङ डि डेन्जोङपाले उपस्थित सबै अधिकारी अनि कर्मचारीहरूलाई सुरतीजन्य वस्तुहरूको प्रयोग न गर्ने संबधमा शपथ ग्रहण गराउनुभयो। यस प्रकारका कार्यक्रमहरू, राज्यका अन्य जिल्ला प्रशासन केन्द्रहरूमा संपन्न भएको जानकारी प्राप्त भएको छ।

विश्व स्वास्थ्य संगठन सुरती जन्य पदार्थहरूको सेवन रोक्ने उद्देश्यसित मानिसहरूलाई यस संबधी खतराहरूको जानकारी दिनुका लागि यस अवसरमा विश्वभरिमा कार्यक्रम आयोजित गर्दछ।

---

Weather

मौसम विज्ञान विभागले दिएको जानकारी अनुसार आजको अधिकतम तापमान 21.9 डिग्री सेल्सियस र न्यूनतम तापमान 18.8 डिग्री सेल्सियस रह्यो ।

भोलि एक जूनका दिन, आकाशमा सामन्यत बादस छाउने अनि फाटफुट वर्षा हुने अनि मेघ गर्जनका साथ पानी पर्ने पूर्वानुमानछ ।

अधिकतम तापमान 24 डिग्री सेल्सियस र न्यूनतम तापमान 18 डिग्री सेल्सियस हुने संभावनाछ ।